सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५३ | गान्तोक, (शुक्रबार) १३ नोभेम्बर, २०२० | अङ्क ३१

# पूर्व मुख्यमन्त्री स्व. लिम्बूलाई राजकीय सम्मानका साथ दिइयो विदा





**गान्तोक।**

गत ८ नोभेम्बरका दिन निधन हुनुभएका पूर्व मुख्यमन्त्री स्व. सञ्चमान लिम्बूको १० नोभेम्बरका दिन कलेज खोलाको बगरमा बन्दुकको सलामीका साथ राजकीय सम्मानसहित दाहसंस्कार गरियो। १७ जून १९४७ मा जन्मिनु भएका स्व. लिम्बू सिक्किमका चौथो मुख्यमन्त्री हुनुहुन्थ्यो।

अन्तिम संस्कार गर्नअघि बिहान सिक्किमका मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ (गोले)–ले पूर्व मुख्यमन्त्री स्व. लिम्बूलाई उहाँको जन्म स्थान हि गाउँमा अन्तिम श्रद्धाञ्जली अर्पण गर्नुभयो। सिक्किम विधानसभा उपाध्यक्ष, मन्त्रीगण विधायकगण, लोकसभा सांसद, मुख्यमन्त्रीका राजनीतिक सचिव, सल्लाहकारगण र अध्यक्षगण, अधिकारीगण लगायत सबै प्रमुख व्यक्तिहरूको पूर्व मुख्यमन्त्रीलाई श्रद्धांजलि अर्पण गर्न अन्तिम संस्कारमा उपस्थिति रहेको थियो।

अवकाशप्राप्त भारतीय सेनाले राष्ट्रिय सलामी पनि प्रस्तुत गर्दै भारतका प्रधानमन्त्रीको तर्फबाट सम्मानका साथ पार्थीव शरीरमा माल्यार्पण गरे। स्व. लिम्बूको अन्तिम यात्रा बिहान १०:३० बजी हि गाउँबाट कलेज खोला शमशान घाट लगियो। मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ, वरिष्ठ व्यक्तिगण लगायत शुभचिन्तक एवं गाउँलेहरु अन्तिम संस्कारमा सामेल भए।

पूर्व मुख्यमन्त्री स्व. सञ्चमान लिम्बू एक प्रमुख राजनीतिज्ञ हुनुहुन्थ्यो, जसले वर्ष १९९४–को १७ जूनदेखि १२ दिसम्बरसम्म छ महिना राज्यको चौथो मुख्यमन्त्रीको रूपमा सिक्किमको सेवा गर्नुभयो। उहाँले स्वास्थ्य र शिक्षा विभागहरूका मन्त्रीको रूपमा पनि राज्यको सेवा पुऱ्याउनुभो।

साधारण अनि अनुसाशित जीवन जिउने स्व. लिम्बूले राज्य सरकारमा शिक्षकको पदबाट आफ्नो करियर शुरू गर्नुभएको थियो। उहाँ शुरूवाती दिनदेखि नै सामाजिक गतिविधिमा सक्रियरूपमा रहेर आफ्नो बहुमूल्य जीवन विशेषगरी निम्नस्तरका मानिसहरूको सेवामा समर्पित गर्नुभएको थियो। वर्ष १९७९–मा योक्सम क्षेत्रबाट सिक्किम विधानसभाका सदस्यको रूपमा उहाँ निर्वाचित हुनुभएको थियो।

स्व. लिम्बूको निधनमा राज्यका राज्यपाल श्री गंगा प्रसाद तथा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ (गोले)–ले गहिरो शोक व्यक्त गर्नुभएको छ।

## लाभार्थीहरूलाई एसजीएवाईअन्तर्गत सहुलियत वितरण



**गेजिङ।**

गेजिङ–बर्मेक क्षेत्रका विभिन्न ग्राम पञ्चायत एकाईका लाभार्थीहरूलाई सिक्किम गरिब आवास योजनाअन्तर्गतको टोकन र अनुमति पत्र प्रदान गरियो। गत ९ नोभेम्बरका दिन हि मार्ताम खण्डका चारवटा ग्राम पञ्चायत एकाईअन्तर्गतका लाभार्थीहरूलाई एसजीएवाई–अन्तर्गतको टोकन प्रदान गर्न मार्ताम ग्राम प्रशासनिक केन्द्रमा कार्यक्रम आयोजन गरिएको थियो। सो अवसरमा मुख्य अतिथिका रूपमा उपस्थित क्षेत्र विधायक एवं मन्त्री श्री लोकनाथ शर्माले मार्ताम, पेचरेक–हि पाताल, बर्मेक–बर्थाङ र चिनथाङ ग्राम पञ्चायत एकाईका लाभार्थीहरूलाई सहुलियत वितरण गर्नुभयो।

यसरी नै ११ नोभेम्बरका दिन सम्पन्न कार्यक्रममा मन्त्री श्री लोकनाथ शर्माको बाहुलीबाट गेजिङ–ओमचुङ ग्राम पञ्चायत एकाईको पाँचवटा वार्डका कुल १९ परिवारलाई सिक्किम गरीब आवास योजनाअन्तर्गतको लाभ प्रदान गरियो। यसका निम्ति गेजिङ–ओमचुङ ग्राम प्रशासनिक केन्द्रमा विशेष कार्यक्रम आयोजन गरिएको थियो।

आफ्नो सम्बोधनमा मन्त्री श्री शर्माले वर्तमान राज्य सरकारको कुशल नेतृत्वमा गरिब जनतालाई सहयोग गर्दै माथि उठाउने उद्देश्यले प्रत्येक निर्वाचन क्षेत्रमा गरिब आवास योजनाअन्तर्गत एक सयवटा घर

रहल पृष्ठ ४–मा

## मुख्यमन्त्रीको केन्द्रिय राज्य मन्त्रीहरूसित भेट




**दिल्ली।**

हालै राजधानी दिल्लीको आधिकारिक भ्रमणीमा रहनुभएका मुख्यमन्क्षी श्री प्रेमसिंह तामाङले ८ नोभेम्बरका दिन विभिन्न केन्द्रिय मन्त्री तथा केन्द्रिय राज्य मन्त्रीहरूसित भेट गर्नुभयो। उहाँले सो अवधिमा केन्द्रिय कानून एवं न्याय, इलेक्ट्रोनिक्स अनि सूचना तक्नीकी तथा संचार मन्त्री श्री रविशंकर प्रसाद, युवा मामिला एवं खेलकुद राज्य मन्त्री स्वतन्त्र प्रभार श्री किरन रिजिजु, विद्युत तथा कौशल विकास एवं उद्यमशीलता केन्द्रिय राज्य मन्त्री श्री आरके सिंह, उत्तरपूर्वी क्षेत्र विकास राज्य मन्त्री स्वतन्त्र प्रभार डा. जितेन्द्र सिंह तथा भाजपा केन्द्रिय अध्यक्ष श्री जेपी नड्डासित भेट गर्नुभयो।

भेट अवधिमा उहाँले सबै मन्त्रीहरूसित सम्बन्धित विषयमा चर्चा गर्नुभयो। मुख्यमन्त्रीले भन्नुभएको छ, केन्द्रिय मन्त्री श्री आरके सिंहसित भेट गर्नुको उद्देश्य पूर्व सरकारले राज्य सरकारको आर्थिक जिम्मेवारी कम गर्न विद्युत वित्तीय निगमबाट लिएको ऋणको ब्याज घटाइदिने अनुरोध गर्नु रहेको थियो। मुख्यमन्त्रीले सिक्किममा विद्युत क्षेत्रसित सम्बन्धित विभिन्न उच्च प्राथमिकताका योजनाको बारेमा केन्द्रिय मन्त्रीलाई अवगत गराएको पनि जानकारी दिनुभयो, जसले केन्द्र सरकारको मञ्जुरी पर्खीरहेका छन्।

श्री तामाङले लम्बित परियोजनालाई मञ्जुरी दिन केन्द्रिय मन्त्रीबाट हस्तक्षेपको माग गरेको, जसका लागि उहाँले पूरा आश्वासन दिएको कुरा पनि बताउनु भएको छ। उहाँले भन्नुभयो कि केन्द्रिय राज्यमन्त्रीसमक्ष दिनदयाल उपाध्याय ग्राम ज्योति योजना, एकीकृत विद्युत विकास योजना, उत्तरपूर्वी पुर्वाधार विकास योजना अनि संसाधनको नन लेप्सेबल सेन्ट्रल पुलको सुचि बुझाइएको छ। विद्युत राज्य मन्त्रीले योजनालई अघि बढाउने आश्वासन दिँदै यस सम्बन्धमा अवगत गराउने बताउनु भएको छ।

श्री जेपी नड्डासित भेटको भेटमा मुख्यमन्त्रीले छुटेका एघार समुदायलाई अनुसूचित जनजातिमा अन्तर्भुक्त गरिदिने, लिम्बू–तामाङ समुदायका लागि राज्य विधानसभामा सीट आरक्षण अनि सत्रौं ग्याल्बा कर्मापा उगेन ट्रिनले दोर्जीको सिक्किम भ्रमण जस्ता लम्बित मागहरूको उठान गर्नुभयो। मुख्यमन्त्रीले राज्यका निम्ति यो माग जरुरी मुद्दा रहेको बताउँदै केन्द्र सरकारले यसलाई पूरा गर्नेछ भन्ने कुरामा पूर्ण विश्वास व्यक्त गर्नुभयो। उहाँले यी कुरालाई यथाशीघ्र पूरा गर्नमा केन्द्र सरकारको पूर्ण सहयोगको अपेक्षा गर्नुभएको छ।

# मन्त्री परिषदद्वारा विभिन्न प्रस्तावहरु पारित

**गान्तोक।**

गत ४ नोभेम्बर २०२०-को दिन टाशीलिङ सचिवालयमा बसेको मन्त्री परिषद्को बैठकले विभिन्न विभागीय प्रस्तावहरु पारित गरिएको छ। बैठकले वाणिज्य एवं उद्योग विभागअन्तर्गत राज्य विधानसभाको आउँदो सत्रमा प्रस्तुत गर्नको निम्ति सिक्किम उद्योग इजाजतपत्र (संशोधन) विधेयक २०२० को मस्यौदाको अनुमोदन गऱ्यो।

भवन तथा आवास विभागअन्तर्गत पूर्व सिक्किम लुम्सेस्थित अल इण्डिया सर्विस क्वार्टरमा विभिन्न विकासशील कार्यको निम्ति ८९,७९,९००/- रुपियाँ अनुमोदन गरियो भने गृह विभागअन्तर्गत एकल आपतकालीन प्रतिक्रिया समर्थन प्रणाली (ERSS) ११२ स्थापनाका लागि उन्नत कम्प्युटिङ (सी-डीएसी) विकासको निम्ति रू ३,७२,२२,०००/- आर्थिक अनुमोदन गर्नका साथै खाद्य एवं नागरिक आपूर्ति विभागअन्तर्गत लाभार्थीहरूलाई (ओपीएचएच) वर्गमा प्रदान हुँदै गरेको चामलको मूल्य दर संशोधन गर्न निर्णय लिइयो । यस्तैप्रकारले शिक्षा विभागअन्तर्गत शैक्षिक सत्र २०१९ को लागि पाठ्यपुस्तकहरू र आवश्यक थोक खरीद गर्न रु ३६,५९,१४२/- प्रशासनिक स्वीकृति प्रदान गरियो भने दक्षिण सिक्किमको सिङ्गीथाङ प्राथमिक विद्यालयमा बहुउद्देश्यीय भवनसहित पाठशाला भवन निर्माण कार्यको निम्ति रू २१,२८,०००/- अनुमोदन गरियो।

वागवाणी विभागअन्तर्गत वर्ष २०२०-२१ को निम्ति केन्द्रीय प्रायोजित योजना राष्ट्रिय बाँस अभियान कार्यान्वयनका लागि प्रशासनिक स्वीकृति र रु ४,७१,६०,०००/- अनुमोदन गरियो। कृषि विभागअन्तर्गत चालू वित्तीय वर्ष २०२०-२१ मा माटो स्वास्थ्य व्यवस्थापन (एसएचएम) योजना कार्यान्वयनका लागि प्रशासनिक स्वीकृति ४,५३,९०,०००/- अनुमोदन गरियो। यस्तैप्रकारले ग्रामीण प्रबन्धन एवं विकास विभागअन्तर्गत कबि तिङदामा खण्ड प्रशासनिक केन्द्रको मरम्मती कार्यको निम्ति रू २५,६७,७००/- प्रशासनिक स्वीकृति प्रदान गरियो। यस्तैप्रकारले १५ औं वित्त आयोग अन्तर्गत जिल्ला पञ्चायत र ग्राम पंचायतमा हस्तान्तरण गर्न रु ४२,००,००,०००/- आर्थिक स्वीकृति अनुमोदन गरियो। यस अघि ग्रामीण विकास विभाग मन्त्रीले अनुमोदन गरेको पञ्चायत र जिल्ला पञ्चायतबीच ८५:१५ % प्रतिशत कोष विभाजन ढाँचा अनुमोदनको स्वीकृति गरियो। यस्तैप्रकारले सोही विभागअन्तर्गत वित्तीय वर्ष २०२०-२१ को लागि जिल्ला पञ्चायत, ग्राम पञ्चायत र सिक्किम ग्रामीण विकास एजेन्सी(एसआरडीए) अनुदान सहयोगको रूपमा रू .२२,९०,४९,०००/- रुपियाँ प्रदान गर्ने निर्णय पनि लिइयो।

भू राजस्व एवं आपदा प्रबन्धन विभागअन्तर्गत पश्चिम सिक्किमको सामसिङ निवासी स्वर्गीय चन्द्रमान राईको सुपुत्र रञ्जीत राईद्वारा पश्चिम सिक्किमका पिपले हिमालाय क्रुसेड पेन्टकोस्टल चर्च प्रबन्धन समितिको पक्षमा सामसिङ राजस्व ब्लकअन्तर्गत प्लट सङ्ख्या ३९०/७२८ अनि परिमाण लगभग ०.०२०० हेक्टेयर जमिनको उपहार विलेखको पञ्जीकरण अनुमोदन गरियो। यस्तैप्रकारले पूर्व सिक्किमको मार्तममा श्री दावा रिञ्जीङ भोटियाको छोरा श्री कर्मा ल्हेन्डुप भोटियाले न्यीङमा फाउण्डेशन ट्रस्टको पक्षमा विक्रय विलेख गरिएको पूर्व सिक्किम मार्तम राजस्व ब्लकमा ६/३७५५ जमिनको प्रशासनिक मञ्जूरी पनि प्रदान गरियो। सिक्किम सरकार(व्यवसाय आवण्टन) नियम, २०१७ अन्तर्गत जमिन अधिग्रहण, पुनःस्थापना र पुनर्स्थापना ऐन २०१३ अन्तर्गत विभिन्न विषयहरु जस्तै निष्पक्ष क्षतिपूर्ति मुद्दाहरुलाई सुचारु गर्नका लागि पहल गर्ने निर्णय पनि लिइयो।

सामाजिक न्याय एवं कल्याण विभागअन्तर्गत विकालाङहरुसित विवाह गर्नेहरुलाई एकपटकक अनुदान रू २.०० लाख प्रदान गर्न रू ७२,००,०००/- लाख अनुमोदन पनि गरियो। यस अतिरिक्त खाद्य एवं नागरिक आपूर्ति विभागअन्तर्गत पूर्व जिल्लाको सिच्चेमा जिल्ला उपभोक्ता निवारण फोरमको मध्यस्थ केन्द्र निर्माणको निम्ति रू २५,००,०००/- अनुमोदन गरियो। सूचना तक्निकी विभागअन्तर्गत समस्त सरकारी प्रशासनिक कार्यलयमा ई-कार्यलयको निम्ति लाइट सोफ्टवेयर जडानको निम्ति रू २४,०७,८५८/- अनुमोदन गरियो भने स्वास्थ्य एवं परिवार कल्याण विभागअन्तर्गत एसटीएनएम अस्पतालमा एसएआरएस,सीओभी २ जाँचको निम्ति मोलिक्युलक पीसीआर प्रयोगशाला स्थापना गर्न रू २२,०४,००० /-अतिरिक्त मञ्जूरी प्रदान गरियो।

भू राजस्व एवं आपदा प्रबन्धन विभागअन्तर्गत पूर्व सिक्किमको मेनरोङगोङ निवासी श्री नोर्जाङ लेप्चाको सुपुत्र श्री डुक्पा लेप्चाद्वारा उत्तर सिक्किमको फेनसोङमा मेनरोङगोङ राजस्व ब्लकअन्तर्गत प्लट सङ्ख्या १८६ अनि परिमाण लगभग ०.५०० हेक्टेयर जमिन न्यीङमा फाउण्डेशन ट्रस्टको पक्षमा दिएको उपहार विलेख पनि प्रशासनिक मञ्जूरी प्रदान गरियो। यस्तैप्रकारले शहरी विकास विभागअन्तर्गत सिक्किमका विभिन्न बजारहरुको सुन्दरीकरणको निम्ति रू ३९,९७,८००/-रुपियाँ प्रशासनिक मञ्जूरी प्रदान गरियो।

पशुपालन एवं पशु चिकित्सा सेवा विभागअन्तर्गत सरकारी फार्महरुमा भएको पशुहरुको चारो खरिद गर्न जिल्ला कार्यलयहरुमा दोस्रो किस्ती रू ४०,०५,३३२/- रुपियाँ हस्तान्तरण गर्ने निर्णय लिइयो। मन्त्रीपरिषद्ले पर्यटन एवं नागरिक उड्‌यान विभागअन्तर्गत आईटी प्रोजेक्ट कार्यान्वयनका लागि अनलाइन पर्यटन सेवा विस्तारको निम्ति पोर्टल विकास गर्न साथै अन्य सुविधा विकसित गर्नको निम्ति रू २९,६६,०००/- अनुमोदन गरियो। सामाजिक न्याय एवं कल्याण विभागअन्तर्गत वर्ष २०१७-१८ को निम्ति आदिवासी उप योजना (एससीएदेखि टीएसएस) को केन्द्रीय सहायता अन्तर्गत विभिन्न योजनाहरुको कार्यान्वयनको लागि रू ९३,७६,०००/-वित्तीय मञ्जूरी प्रदान गरियो।

गृह विभागअन्तर्गत सिक्किम सरकारी सेवा (संशोधित वेतन) नियम, अन्तर्गत स्तर १२ मा सहायक कानूनी अधिकारीको ०१ (एक) पद सृजना गर्ने मञ्जूरी प्रदान गरियो।। यस्तैप्रकारले वन पर्यावरण एवं वन्यप्राणी प्रबन्धन विभागअन्तर्गत वर्ष २०२०-२१ को निम्ति वन विभागअन्तर्गतका क्षेत्र कर्मचारीहरुको निम्ति युनिफर्म खरिद गर्न साथै सिम्फेडलाई वर्ष २०१९-२० को बकाया अग्रिमको राशि प्रदान गर्न रु १,२६,५०,१९४ /-रुपियाँको अनुमोदन गरियो। पर्यटन एवं नागरिक उड्‌यान विभागअन्तर्गत राज्यमा सुचारु अनि सुव्यवस्थित अनि सुरक्षात्मक दृष्टिलाई ध्यानमा राख्दै पर्यटन व्यवसाय शुरु गराउनको निम्ति टूर अपरेटर, सरोकरवाला अनि पर्यटन व्यवसायसित संलग्न विभिन्नजनहरुलाई तालिम प्रदान गर्नको निम्ति रू ४०,००,०००/- मञ्जुरी प्रदान गरियो। वित्त विभागअन्तर्गत जीएसटीअन्तर्गत एमआईएस कार्यन्वयन गर्नको निम्ति कर्मसियल टैक्स डिभिजनमा नयाँ सर्वर स्थापना हेतु एसटीसीएममार्फत हार्डवेयर र सोफ्टवेयर खरिद गर्नको निम्ति रू १,१८,४४,१२२ /- रुपियाँको मञ्जुरी प्रदान गरियो। स्वास्थ्य एवं परिवार कल्याण विभागअन्तर्गत नयाँ एसटीएनएम अस्पतालमा मशिन अनि उपकरणको व्यवस्थापन र मरम्मतको निम्ति वृहत मरम्मत अनुबन्धको निम्ति रु १.४९ करोड अनुमोदन गरियो। शहरी विकास विभागअन्तर्गत बजार विकास(नयाँ योजना) अन्तर्गत विभागले चालू वित्तीय वर्ष २०२०-२१ मा गरिनुपर्ने विभिन्न कार्यहरुको निम्ति रू ११,५२,११,०००/- प्रशासनिक अनुमोदन गरियो।

. जल संसाधन विभागअन्तर्गत वर्ष २०१७-१८ अनि जलस्रोतहरुको गणनालाई सन्दर्भ गर्दै छैटौं लघु सिँन्चई जनगणना सञ्चालन गर्ने रू २,०४,४६,००० /-अनुमोदन गरियो। विद्युत विभागको नयाँ अनुसूचित दर २०२० को अनुमोदन, क्याबिनेट मेमोमा विस्तृत रूपमा प्रकाश पारिएको छ। शिक्षा विभागअन्तर्गत टाशी नाम्ग्याल अकादमीमा वर्ष २०१७-१८ मा उत्तर सिक्किम अनुसूचित जनजाति छात्रवृति योजनाअन्तर्गत अध्ययन गरेका विद्यार्थीहरुको शुल्क भुक्तानीको निम्कि रू १,५४,१८,००० /-अनुमोदन गरियो।-

*हल पृष्ठ ३ मा..*

# कोभिडको सुरक्षा उपायबारे सचेतना फैलाउन वेबिनार आयोजित

**गान्तोक।**

सेवा साथै पूर्वाधार लगायत अन्य सबै त्रितियक क्षेत्रहरूले दिव्याङ्ग, बच्चा अनि युवाहरूमा कोभिडबारे सचेतना फैलाउन आफ्नो सञ्चार रणनीतिलाई परस्पर रूपमा तपसिल गर्नुपर्ने पत्र सूचना कार्यालय, गुवाहाटीद्वारा आयोजित वेबिनारमा विशेषज्ञहरूले आशय व्यक्त गरेका छन्। सेवा क्षेत्रका विशेषज्ञहरूका साथमा प्राज्ञहरूले चिकित्सा, पोषण तथा नीतिगत दृष्टिकोणबाट कोभिडको स्थितिलाई सम्बोधित गर्ने विषयमा चर्चा-परिचर्चा अनि विमर्श वेबिनारमा गरे।

भारतीय दूरसञ्चार नियामक प्राधिकरणका (टीआरएआइ) प्रमुख सल्लाहकार सुनिल वाजपेयीले आफ्नो सम्बोधनमा कोभिडको समस्यालाई सम्बोधित गर्न र यसको सुरक्षा उपायबारे सचेतना फैलाउन सञ्चार क्षेत्रको भूमिका महत्त्वपूर्ण रहेको बताए। सचेतना कार्यक्रमलाई स्थानीय परिवेश अनि परिप्रेक्ष्यमा तपसिल गर्नुपर्ने कुरामाथि पनि उनले जोड दिए। पूर्वोत्तरमा विशेष गरी आसममा पर्यापर्यटन, चिया पर्यटन, तेल अनि सिमेन्ट र कोइला लगायतका पूर्वाधार क्षेत्रमा सम्भावना व्यापक रहेको उल्लेख गर्दै सामाजिक एवं आर्थिक विकासको परिप्रेक्ष्यमा दूरसञ्चारले महत् भूमिका निर्वाह गर्ने साथै देशको विभिन्न भागलाई जोड्ने सम्बन्धमा पनि यसको भूमिका उल्लेखनीय रहेको बताए। दूरसञ्चार सङ्गठनको माध्यमद्वारा कोभिडको सुरक्षा उपायबारे सूचना प्रसारण यस महामारीलाई सम्बोधित गर्ने दिशामा जनतालाई जागरूक गराउने एउटा थप पदक्षेप रहेको पनि उनले आशय व्यक्त गरे।

गुरुनानक औषधि विज्ञान एवं प्रविधि संस्थानकी प्राचार्य डा. लोपमुद्रा दत्तले आफ्नो सम्बोधनमा स्कूल अनि कलेजका विद्यार्थीहरूलाई कोभिडको सुरक्षा उपाय तथा आपसी दूरीबारे जागरूक गराउन आवश्यक रहेको बताइन्। यसका साथै यस विकट परिस्थितिमा बाल-बच्चा तथा विशेष रूपमा दिव्याङ्गहरूलाई अरू बढी ध्यान दिन आवश्यक रहेको उनले बताइन्। कोभिडबारे सचेतना सन्देश परिवार तथा समाजको निम्ति लक्षित हुनुपर्ने उल्लेख गर्दै हातेमालो गर्दै यस दिशामा पहल गरे मात्र अपेक्षित परिणाम हासिल गर्नसक्ने उनले उल्लेख गरिन्। यस सन्दर्भमा सेवा तथा त्रितियक क्षेत्रको भूमिका अरू परिभाषित हुँदै गइरहेको र जागरूकता फैलाउने दिशामा महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने उनले बताइन्। बाल-बच्चालाई सुरक्षा उपायबारे प्रभावी रूपमा जागरूक बनाउन स्कूल अनि कलेजका साथै परिवारका आमाहरूलाई सचेत बनाउनुपर्ने पनि उनले आशय जाहेर गरिन्। सामाजिक सचेताको मूल्य शृङ्खलामा सबैले आ-आफ्नो भूमिका प्रभावी रूपमा निर्वाह गरे मात्र कोभिडबारे सुरक्षा उपाय प्रभावी बन्नसक्ने उनले बताइन्।

खाद्य एवं पोषण बोर्ड, पूर्वोत्तर क्षेत्र कोलकाताका प्राविधिक उप-सल्लाहकार नगेन्द्रनाथ तिवारीले आफ्नो सम्बोधनमा पूर्वाधार क्षेत्र र यसमा पनि सडक, रेल तथा वायु सेवा क्षेत्रले कोभिडको विषयलाई सम्बोधित गर्ने दिशामा आफ्नो कार्यप्रणालीमा सुधार ल्याइरहेको बताए। मानव संसाधन नियोजन तथा सचेतना स्वास्थ्य एवं पोषणको सन्देशसँग सम्मिलित गरे मात्र कोभिडको विषयलाई सम्बोधित गर्न कर्मचारीहरू पनि स्वस्थ रहनसक्ने उनले बताए. सञ्चार तथा सचेतना पहलमा केन्द्र सरकारको पहल तथा पोषण अभियान महत्त्वपूर्ण घटक रहेको पनि उनले बताए।

पर्यटन मन्त्रालयका पूर्व उप-महानिर्देशक जेपी शाहले आफ्नो सम्बोधनमा वायु सेवाले जनजागरूकता फैलाउन उल्लेखनीय भूमिका खेल्दै आएको तथा वायु सेवाकर्मीहरूले कोभिडको सुरक्षा उपायबारे प्रत्येकपटक जानकारी दिने गरेको उल्लेख गरे। यसका साथै हवाई यात्राको समय कोभिडलाई सम्बोधित गर्न निरन्तर रूपमा प्रविधि आधारित सञ्चार एवं सचेतना पहल परिचालन गर्ने गरेको पनि उनले बताए। कोभिड-१९ बारे सावधानी अप्नाउनेबारे जागरूकता फैलाउन सेवा तथा त्रितीयक क्षेत्रको भूमिका महत्त्वपूर्ण रहने उनले बताए। जनजागरूकताको रणनीति सूचना प्रसारमाथि केन्द्रित रहनुपर्ने पनि उनले बताए।

दिल्ली उच्च न्यायालयका अधिवक्ता अब्दुररहमान मल्लिकले आफ्नो सम्बोधनमा पूर्वाधार साथै त्रितियक क्षेत्र अन्तर्गत कार्यस्थलहरूमा कोभिडबारे सचेतना प्रविधि सञ्चारमुखी हुनुपर्ने उल्लेख गर्दै भीड जमा हुन नदिन पालो गर्दै काममा खट्ने चलन शुरु गर्न आवश्यक रहेको बताए।

जानकारीमूलक साथै ज्ञानवर्धक वेबिनारको नियोजन एवं समन्वयन पीआइबी, गुवाहाटीका संयुक्त निर्देशक सम्राट बन्धोपाध्यायले गरेका थिए। यस अवसरमा पीआइबीका वरिष्ठ अधिकारीहरू पनि उपस्थित थिए। पीआइबीका उपनिर्देशक पल्लभ चक्रवर्तीले विशेषज्ञहरूलाई स्वागत जनाउँदै कोभिड सूचना प्रबन्धन, युवाहरूका लागि स्वस्थ एवं पौष्टिक भोजनका साथै सूचना सम्प्रसार अनि सचेतना जस्ता बुँदामाथि प्रकाश पारे।

वेबिनारमा आसमलगायत पूर्वोत्तर क्षेत्रको चिकित्सा क्षेत्रका विशेषज्ञहरूका साथै विद्यार्थीहरू पनि उपस्थित थिए। यस प्रकारको वेबिनारले उनीहरूलाई सुसूचित निर्णय लिन र विषयबारे सचेत अनि सजग बन्न धेरै मद्दत पुऱ्याएको उनीहरूले बताए। वेबिनारमा विशेषज्ञहरूका साथै विद्यार्थीहरूका साथै वरिष्ठ पत्रकारहरूका अतिरिक्त दूरदर्शन गुवाहाटी, क्षेत्रीय लोक सम्पर्क कार्यालय गुवाहाटी, आकाशवाणी गुवाहाटीका वरिष्ठ अधिकारीहरू पनि उपस्थित थिए।

## कौशल विकासमाथि प्रशिक्षण सम्पन्न

**गान्तोक।**
गत ६ देखि ९ नोभेम्बरसम्म ग्राम विकास विभागको सिक्किम ग्रामीण जीविकोपोर्जन अभियानले जनता भवनमा मास्टर ट्रेनरहरुलाई लिएर खाना, पोषण, स्वास्थ्य तथा अन्य विषयमाथि चार दिवसीय कौशल विकास प्रशिक्षण आयोजना गरिएको थियो। उक्त प्रशिक्षणको उद्घाटन ग्रामीण जीविकोपार्जन अभियानका अभियान निदेशक तथा विभागका आयुक्त डा.पी.सेन्थिलले कुमारले गर्नुभएको थियो। प्रशक्षणमा ५० जनाले सहभागिता जनाएको थियो।

## ७०औं स्थापना दिवस पालन

**रम्फू।** ९ नोभेम्बरको दिन सिक्किम राज्य भारत स्काउट अनि गाइडद्वारा ७०औं स्थापना दिवस पालन गरियो। सो अवसरमा राज्यका विभिन्न स्थानमा सर-सफाई गर्दै मानिसहरूलाई फेस मास्क वितरण गरियो। सन्त जोसफ कन्भेन्ट पाठशाला, मारतम, सुदुङलाखा माध्यामिक पाठशाला, मुलुके माध्यामिक पाठशाला, सन्त जेभियर पाठशाला, पाकिम जस्ता पाठशालाले अभियानमा सक्रियरूपमा सहभागिता जनाए। राज्य मुख्य आयुक्त डा. एचपी छेत्रीले सबैलाई यस दिनको महत्त्वबारे बताउँदै हार्दिक बधाई र शुभकामना दिनुभयो।

## मन्त्री परिषदद्वारा विभिन्न..........

मार्च २०२३ सम्म पेशागत शिक्षा कार्यक्रम कार्यन्वयनको निम्ति २७ फरवरी २०२० मा सम्पन्न मन्त्रीपरिषद्को निर्णयलाई पुन विचार गर्दै रू १२८,००,००,०००/- अनुमोदन गरियो। यस अतिरिक्त पश्चिम सिक्किमको खारपानेमा ६ कोठे प्राथमिक पाठशाला भवन निर्माण गर्न रु २७,२६,००० /-को प्रशासनिक मञ्जूरी प्रदान गरियो।

ग्रामीण विकास विभागअन्तर्गत राष्ट्रिय ग्राम स्वराज अभियान(आरजीएसए)अन्तर्गत विभिन्न योजनाहरुको निम्ति कोष मञ्जुरी प्रदान गरियो। कृषि विभागअन्तर्गत चालू वित्तीय वर्ष २०२०मा परम्परागत कृषि विकास योजना कार्यन्वयनको निम्ति रू ४, ०३, ३८,०००/- अनुमोदन गरियो।

वन एवं वन्यप्राणी प्रबन्धन विभागअन्तर्गत केन्द्रिय प्रायोजित योजना डेभलपमेन्ट अफ् वाइल्डलाइफ हेबिटेट अफ् सिक्किम को निम्ति रू ३,८८,४७,०००/- अनुमोदन गरियो। शहरी विकास एवं आवास विभागअन्तर्गत रिनक बजारमा सुपर मार्केट निर्माणको निम्ति ७,७२,४७,१००/- अनुमोदन गरियो।

.पशु पालन, पशु चिकित्सा सेवा-विभागअन्तर्गत सिक्किमका दुग्ध उत्पादकहरुलाई प्रोत्साहन प्रदान गर्न विभागले प्रति लिटर ८ रुपियाँ थप सरकारबाट प्रदान गर्ने निर्णय अगावै लिइसकेको छ। यसै योजनाअन्तर्गत अप्रेल, मई, अनि जून महिनाको अनुदान राशि भुक्तानको निम्ति रू ३,००,००,०००/- मञ्जुरी प्रदान गरियो। यस विभागअतर्गत अन्य विभिन्न योजनाहरुको लागि पनि राशि अनुमोदन गरियो। शिक्षा विभागअन्तर्गत शिक्षा विभागको ई-विद्या योजनाअन्तर्गत सरकारी विद्यालयका विद्यार्थीहरुलाई स्मार्ट एन्ड्रोइड टीभी वितरणको निम्ति रू १०७,३०,०००/-अनुमोदन गरियो। ग्रामीण विकास विभागअन्तर्गत भूकम्पद्वारा क्षतिग्रस्त घरहरुको पुननिर्माणको निम्ति सामाग्री आपूर्ति गर्न रुपियाँ अनुमोदन गरियो। यस्तैप्रकारले कृषि विभागअन्तर्गत वर्ष २०२०-२१ को निम्ति एसएएमईटीआईअन्तर्गत स्टेट एक्सटेन्शन वर्क प्लानको निम्ति ३,६७,५०,०००/- रुपियाँ प्रशासनिक स्वीकृति प्रदान गरियो। स्वास्थ्य एवं परिवार कल्याण विभागअन्तर्गत रेपिड एन्टीजेन्ट टेस्टिङ किट खरीद गर्न ४७,६०,०००/- को वित्तीय कोष अनुमोदन गरियो। जल संसाधन विभागअन्तर्गत मरम्मत, पुर्नस्थापना र ढल निकासी, आदि कार्यको निम्ति ५,१७,००,०००/ अनुमोदन गरियो। भवन तथा आवास विभागअन्तर्गत दक्षिण सिक्किमस्थित नाम्चीमा भूमिगत पार्किङस्थलको निर्माणको ढाँचा परिवर्तन साथै अन्त थप कार्यको निम्ति रु ५५,२९,७९,०००/- अनि अतिरिक्त रु ३४,९९,१७,०००/- अनुमोदन गरियो। स्वास्थ्य एवं परिवार कल्याण विभागअन्तर्गत वित्तीय वर्ष २०२०-को निम्ति कोभिड टेस्टिङको निम्ति आरटीपीसीआर उपकरण खरीद गर्न रू. १,१७,६०,०००/- अनुमोदन गरियो। शहरी विकास विभागअन्तर्गत दक्षिण सिक्किमको नाम्चीमा किसान बजार निर्माणको निम्ति कूल रु ५,६७,५६,०००/- अनुमोदन गरियो। सामाजिक न्याय एवं परिवार कल्याण विभागअन्तर्गत पूर्व सिक्किम गान्तोकस्थित पाल्जर नाम्येल कन्य पाठशालामा ओबिसी महिला छात्रावास निर्माणको निम्ति रू ३,५०,००,०००/ अनुमोदन गरियो। गृह विभागअन्तर्गत गान्तोक चिन्तन भवननजिक सिक्किम सिभिल सर्विस अफिसर्स इन्सटीट्यूट हेबीटेट सेन्टर निर्माणको निम्ति रू २१,११,८४,७१०/- अनुमोदन गरियो। जनस्वास्थ्य अभियान्त्रिकी विभागअन्तर्गत पूर्व सिक्किम गान्तोक अल इण्डिया स्टेशन नजिक प्रस्तावित ज्ञान मन्दिर क्षेत्रदेखि जलापूर्तिका पाइपलाइन सार्नको निम्ति रू १,९५,५१,७००/- अनुमोदन गरियो। यस्तैप्रकारले संस्कृति एवं धरोहर विभागअन्तर्गत मनन भवन मरम्मतको निम्ति रू ७५,२१,४९०/- अनुमोदन गरियो भने उत्तर सिक्किममा छु-लुङ-टुलसुम निर्माणको निम्ति भौगोलिक सर्वेक्षण अनि ढांचा परामर्शको शुल्क साथ अन्य कार्यको निम्ति रू ४२,८०,५६९/ अनुमोदन गरियो।

**शहरी विकास विभाग**
**सिक्किम सरकार**
**गान्तोक, सिक्किम**

**निविदा आवेदनको सूचना**

क्राउन प्रिन्स तेञ्जीङ नामग्याल वकवे, नाम नाम, गान्तोकस्थित रेस्टुरेन्ट मासिक किरायाको आधारमा किरायमा दिनको निम्ति व्यक्तिगत/इच्छुक समूहबाट मुहरबन्द कोटेसन आमन्त्रित गरिन्छ।

क. सम्पत्तिको विवरणः-

अ) रेस्टुरेन्टः एउटा, कुल कार्पेट क्षेत्रः ३२४९.७५ वर्ग फिट

आ) पेन्ट्री/भान्साघरः एउटा

इ) शौचालयः दुईवटा

ई) भण्डारः दुईवटा

ख. समान शुल्कः रू. ८८,१५७/- (रूपियाँ अठासी हजार एक सय सन्ताउन) मात्र।

मोहरबन्द कोटेसन निम्न हस्ताक्षरितको कार्यालयमा ३० नोभेम्बर, २०२०-सम्ममा आइपुग्नुपर्नेछ। विभागलाई कुनै कारण बिनै कुनै पनि कोटेशनहरू स्वीकार वा अस्वीकार गर्ने अधिकार छ।

**संयुक्त सचिव**
**शहरी विकास विभाग**

आरओ संख्या १३२/आईपीआर/पब्लिकेशन/क्लासिपाइड/२०-२१, मितिः ०६/११/२०२०

.......................................................

**शहरी विकास विभाग**
**सिक्किम सरकार**
**गान्तोक, सिक्किम**

**निविदा आवेदनको सूचना**

गान्तोकको देउरालीस्थित होटल सोनाम पालगे विपरित रहेको क्राउन प्रिन्स तेञ्जीङ नामग्याल वकवे, नाम नाममा मासिक किरायाको आधारमा किरायमा खुल्ला क्याफेटेरीयाको निम्ति व्यक्तिगत/इच्छुक समूहबाट मुहरबन्द कोटेसन आमन्त्रित गरिन्छ।

क. सम्पत्तिको विवरणः-

अ) खुल्ला क्याफेटेरीया एउटा, कुल कार्पेट क्षेत्रः ५१०.६५ वर्ग फिट

आ) क्याफेटेरीया मुनि शौचालयः एउटा

इ) समान शुल्कः रू. ३५,८८२/- (रूपियाँ पैतीस हजार आठ सय बयासी) मात्र।

मोहरबन्द कोटेसन निम्न हस्ताक्षरितको कार्यालयमा ३० नोभेम्बर, २०२०-सम्ममा आइपुग्नुपर्नेछ। विभागलाई कुनै कारण बिनै कुनै पनि कोटेशनहरू स्वीकार वा अस्वीकार गर्ने अधिकार छ।

**संयुक्त सचिव**
**शहरी विकास विभाग**

## खेल एवं युवा मामिला विभागद्वारा वेबिनार आयोजित

**गान्तोक।**
राज्यमा खेल सम्बन्धित नयाँ योजनाहरु शीघ्र लागू गर्नुपर्ने विषयमा गत ४ नोभेम्बरको दिन खेलकूद तथा युवा मामिला विभागका सचिव श्री कुबेर भण्डारीको अध्यक्षतामा विभागले वेबिनार आयोजना गरियो। उक्त वेबिनारमा विभागका अधिकारी, चारै जिल्लाको विभागप्रमुख, पीईटी र विभिन्न खेलका प्रशिक्षकले सहभागिता जनाएका थिए। विभागमा सरोकवालासित चर्चापरिचर्चा गरेपछि विभागका सबै उपनिदेशक, सहायक निदेशक र पीईटीहरुलाई ग्राम पञ्चायत विकास योजनामा ग्राम सभामा सहभागी बनेर प्राथमिक तथा निम्न माध्यमिक विद्यालयमा एमजी नरेगासितको समन्वयनमा खेल मैदान निर्माण गर्ने पहल गर्ने निर्देश दिएको छ। राज्यका मुख्यमन्त्रीले गर्नुभएको घोषणाअनुरुप खेलका लागि खण्ड विकास स्तरमा क्लब संस्कार विकास गर्न जिल्ला तथा खण्ड विकास केन्द्रका अधिकारीलाई क्लबको गठन गर्ने र यसको पञ्जीकरण प्रक्रियालाई अघि बढाउने निर्देश दिएको छ। यसरी नै वेबिनारमा ग्रामीण सत्रमा स्पोर्टिङ क्लब र फुटबलरलाई बढावा दिन क्लब फुटबल प्रतियोगिता आयोजना गर्ने निर्णय पनि लिएको छ। यसका लागि सम्बन्धित अधिकारीलाई तयारी कार्य शुरु गर्नु निर्देश दिएको छ। यस अतिरिक्त जिल्ला तथा ब्लकस्तरमा फिट इण्डिया स्कूल पञ्जीकरण गर्न पनि पहल गरिनेछ। विभागका अधिकारीले विद्यालयलाई फिट इण्डिया पोर्टलमा पञ्जीकरण गराउने प्रोत्साहित गरिनेछ। वेबिनारमा सबै पीईटी र प्रशिक्षकलाई ई-पाठशाला अथवा अनलाइन प्रशिक्षणको माध्यमबाट फिट इण्डिया प्रमाणपत्र प्राप्त गर्न निर्देश पनि दिएको छ।

## परी प्रकाशनद्वारा स्व. लिम्बूको निधनमा शोक प्रकट

**गान्तोक।** परी प्रकाशनको तर्फबाट अध्यक्ष श्री सीपी शर्माले एउटा प्रेस विज्ञप्ति जारी गर्दै सिक्किम राज्यको राजनीतिका एक स्तम्भ एवं पूर्व मुख्यमन्त्री सञ्चमान लिम्बूको निधनले सिक्किमे समाजलाई अपूरणीय क्षति पुगेको बताउनुभएको छ। श्री शर्माले विज्ञप्तिमा भन्नुभएको छ, स्व. लिम्बूले आफ्नो जीवनकालमा शिक्षा र राजनीतिमा पुऱ्याएको योगदानको मूल्याङ्कन समाजले गरेको छ अनि गरिरहनेछ।

स्पष्ट भाषी, मेहेनती र कर्तव्यपरायण स्व. लिम्बूको आत्माले शान्ति प्राप्त गरोस् भन्दै पश्चिम सिक्किम सोरेङको परी प्रकाशन परिवारले गहीरो सम्वेदनासहीत श्रद्धाञ्जली अर्पण गरेको छ। परी प्रकाशनको तर्फबाट शोक सन्तप्त परिवारमा यो घात सहने शक्ति ईश्वरले प्रदान गरून् भनी प्रार्थना गरिएको पनि विज्ञप्तिमा उल्लेख छ।

# स्थानीय उत्पादहरू आत्मनिर्भर भारतका लागि रणनीतिक आधार हुन्: विशेषज्ञगण

**गान्तोक।**

आदिवासी तथा स्थानीय उत्पादहरूले आत्मनिर्भर लघु एवं मध्यम उद्यमहरूको विकासका लागि आवश्यक रणनीतिक आधार प्रदान गरिरहेको आसय पत्र सूचना कार्यालय, गुवाहाटीद्वारा आयोजित वेबिनारमा विशेषज्ञहरूले व्यक्त गरेका छन्। आजको वेबिनारमा उद्योग क्षेत्रका विशेषज्ञहरूका साथै प्राज्ञहरूले उद्योग, उद्यम र नीतिगत दृष्टिकोणबाट स्थानीय उत्पादहरूको विकासको सम्भावनाबारे चर्चा-परिचर्चा अनि विमर्श गरे।

कौशल विकास एवं उद्यमशीलता मन्त्रालय अन्तर्गत भारतीय उद्यमशीलता संस्थानका अधिकारी चन्दन पचानीले लघु एवं मध्यम उद्यमका लागि बजार खोलिँदै गइरहेको र सम्भावना पनि धेरै रहेको बताए. स्थानीय तथा आदिवासी उत्पादहरूको माग स्थानीय परिस्थितिमाथि निर्भर गर्ने उल्लेख गर्दै चासो जगाउने वस्तु अनि उत्पादहरूको माग धेरै रहेको उनले बताए। यसका साथै स्थानीय शिल्पीहरूको विकासका लागि अनुकूल परिवेश उपलब्ध गराउन आवश्यक रहेको उल्लेख गर्दै स्थानीय माटोद्वारा निर्मित सामान, वस्त्र, कृषि आधारित उद्यम, पर्यटन तथा चिया क्षेत्रमा रोजगार अवसर सिर्जना गर्ने सम्भावना मात्र नभएर स्थानीय प्रतिभाहरूलाई विकास गर्ने केन्द्र पनि बन्नसक्ने उनले बताए।

भारतीय सङ्ग्रहालयकी अधिकारी डा. नीता सेनगुप्तले आफ्नो सम्बोधनमा सबै मन्त्रालय अनि विभागले काँधमा काँध मिलाएर काम गर्दै लघु एवं मध्यम उद्यमहरूका लागि फलदायी परिवेश सिर्जना गर्नुपर्ने बताइन्। स्थानीय उत्पादले आफ्नो थात-थलोको स्मरण गराउने उल्लेख गर्दै यसले नै बेच-बिखन अनि रुचिको सम्भावना बढाउनका साथै युवाहरूको निम्ति पनि अवसर सिर्जना गर्ने बताइन्।

यसै गरी उद्यमी श्रीमती सौमिता मुखर्जीले स्थानीय खेलौना, माटो साथै काठ अनि पित्तल-काँसका वस्तुहरूको उत्पादनमा स्थानीय प्रतिभाहरूको विकासलाई प्रोत्साहित गर्न आवश्यक रहेको बताइन्। जुन तरिकाले ई-कारोबारको विकास र बजारमा नयाँ गतिशीलता आइरहेको छ, त्यसै हिसाबले रणनीति अखितयार गर्न आवश्यक रहेको पनि उनले बताइन्। बजार व्यवस्थापनका साथै सूचना सम्प्रसारको स्थानीय उत्पादहरूको बेचबिखन साथै पहुँचमाथि व्यापक प्रभाव पर्ने उल्लेख गर्दै स्थानीय उत्पादहरू पर्यावरणमैत्री साथै प्रविधि आधारित भए मात्र सफल उद्यम बन्नसक्ने बताइन्। पूर्वोत्तरमा विशेष गरी आसमको मुगा रेशम, चिया उत्पादन, पर्यावरणमैत्री वस्त्र तथा माटोका उत्पादहरूको अपार सम्भावना रहेको पनि उनले उल्लेख गरिन्। यसका साथै पूर्वोत्तरको पर्यावरण अनि जैवविविधता पर्यापर्यटनको निम्ति सहायक हुनका साथै लोसार, बिहु, मजुली पर्व अनि वाङ्गाला जस्ता उत्सवहरूले आदिवासी अनि स्थानीय उत्पादहरूको निम्ति बजार अझ खुल्ला गर्ने बताइन्।

यसै गरी अर्का उद्यमी सुशान्त रायले स्थानीय खेलौना अनि माटोका सामान बनाउने उद्योगले हालका समयमा धेरै ठूलो परिवर्तन देखेको उल्लेख गरे। स्थानीय चाड-पर्वहरूले स्थानीय उत्पादहरूको निम्ति व्यापक अवसर सिर्जना गरिरहेको परिप्रेक्ष्यमा उद्यमीहरूले यस क्षेत्रमा लगानी गर्ने सही मौका रहेको उनले बताए। यी केही चिन्हित क्षेत्रमा उद्यमीहरूले व्यापक अवसर पाइरहेको हुँदा अब उनीहरू रोजगार खोज्नेको साटो रोजगार दिने बन्दै गइरहेको पनि उनले बताए। यसैको परिणामस्वरूप जोखिम लिन चाहनेहरूका लागि भारतमा हाल उद्यमशीलताको संस्कृति विकसित हुँदै भारतीय अर्थनीतिलाई पनि टेवा प्रदान गरिरहेको उनले बताए। यसका साथै एमबीएको डिग्री लिने धेरै युवा जमात स्थानीय उत्पादहरूको बेच-बिखनमा संलग्न हुँदै स्थानीय उद्यमशीलता बजारलाई सुदृढ बनाउँदै आएको उनले उल्लेख गरे।

दिल्ली उच्च न्यायालयका अधिवक्ता अब्दुररहमान मल्लिकले यस अवसरमा बोल्दै स्थानीय मागहरू पूरा गर्नका साथै पर्यावरणमैत्री भएका कारण स्थानीय उद्योगहरूको सम्भावना धेरै रहेको बताए।

जानकारीमूलक साथै ज्ञानवर्धक वेबिनारको नियोजन एवं समन्वयन पीआइबी, गुवाहाटीका संयुक्त निर्देशक सम्राट बन्धोपाध्यायले गरेका थिए। यस अवसरमा पीआइबीका वरिष्ठ अधिकारीहरू पनि उपस्थित थिए। पीआइबीका उपनिर्देशक पल्लभ चक्रवर्तीले विशेषज्ञहरूलाई स्वागत जनाउँदै स्थानीय उत्पाद तथा तिनीहरूको बेच-बिखन तथा प्रभावी सूचना सम्प्रसार एवं सचेतनाबारे प्रकाश पारे। वेबिनारमा आसमलगायत पूर्वोत्तर क्षेत्रको उद्योग क्षेत्रका विशेषज्ञहरूका साथै विद्यार्थीहरू पनि उपस्थित थिए। यस प्रकारको वेबिनारले उनीहरूलाई सुसूचित निर्णय लिन र विषयबारे सचेत अनि सजग बन्न धेरै मद्दत पुर्‍याएको उनीहरूले बताए। वेबिनारमा विशेषज्ञहरूका साथै विद्यार्थीहरूका साथै वरिष्ठ पत्रकारहरूका अतिरिक्त दूरदर्शन गुवाहाटी, क्षेत्रीय लोक सम्पर्क कार्यालय गुवाहाटी, आकाशवाणी गुवाहाटीका वरिष्ठ अधिकारीहरू पनि उपस्थित थिए।

# प्रथम महिला क्रिकेट प्रतियोगिता आयोजित





**गान्तोक।**

११ नोभेम्बरदेखि सिक्किम क्रिकेट एसोसिएशनको तत्वावधानमा रम्फूको माइनिङस्थित क्रिकेट खेल मैदानमा पहिलोपल्ट महिला क्रिकेट कञ्चनजङ्घा सिल्ड प्रतियोगिता आरम्भ भयो। सिक्किमकै निम्ति पहिलोपल्ट आयोजन गरिएको प्रतियोगिता माइनिङको यस नवनिर्मित क्रिकेट मैदानमा पनि यो पहिलो प्रतियोगिता हो।

सिक्किम क्रिकेट संगठनसित आवद्ध राज्यका कूल ६४-जना महिला क्रिकेटरलाई चारवटा टीम माउन्ट सिनल्चु, माउन्ट पाण्डिम, माउण्ट सिम्भो र माउन्ट काब्रुमा बाँटेर लीग फर्मेटमा यो प्रतियोगिता आयोजना गरिएको हो, जसको फाइनल आगामी २१ नोभेम्बरको दिन खेलाइनेछ।

संगठनका महासचिव श्री छेवाङ लामाले बताएअनुसार प्रतियोगिताबाट अण्डर १९, अण्डर २१ र वरिष्ठ महिला टोलीको रूपमा सिक्किम राज्यलाई आगामी सिजनको राष्ट्रिय प्रतियोगिताहरूमा प्रतिनिधित्व गर्ने खेलाडीहरूको चयन पनि गरिनेछ। राज्यमा बढ्दो महिला क्रिकेटरको सङ्ख्याले महिला क्रिकेटको भविष्य आशालाग्दो देखिएको उहाँले बताउनुभयो।

उल्लेखनीय छ, हाल राज्यमा पुरुषको पनि प्रतियोगिता चलिरहेको छ। जिल्लास्तरमा प्रारम्भिक चरणको लीग पछि क्वाटरफाइनल खेल रेसिथाङस्थित खेलगाउँमा खेलाइयो भने सेमी फाइनल र फाइनल खेला माइनिङ क्रिकेट ग्राउण्डमा नै खेलाइने संगठनका उपाध्यक्ष श्री कर्मा भोटियाले बताउनुभयो।

प्रतियोगिताको उद्घाटनीय खेल माउण्ट सिनाल्चु र माउण्ट पाण्डिमबीच खेलियो। यसमा माउण्ट पाण्डिमले विजय प्राप्त गर्‍यो। दोस्रो खेलमा माउण्ट काब्रुले माउण्ट सिम्भोमाथि विजय हाँसिल गर्‍यो।

# नशामुक्त भारत अभियान कार्यान्वयनका निम्ति सभा



**मंगन।**

११ नोभेम्बरको दिन उत्तर सिक्किम मंगन जिल्ला प्रशासनिक केन्द्रको च्याम्बरमा एउटा सभा सम्पन्न भयो। सभा उत्तर जिल्लाका निम्ति जिल्ला स्तरीय अभियान समिति, नशामुक्त भारतअन्तर्गत जिल्ला अभियानको गठन तथा कार्यान्वयनका लागि आयोजन गरिएको थियो। सभाको अध्यक्षता अतिरिक्त जिल्लापाल, उत्तरले गर्नुभएको थियो। नशामुक्त भारत अभियानको कार्यान्वयन तथा अभियानको लोकार्पणका निम्ति सभाको सञ्चालन गरिएको थियो। समितिको मियाद अनि सन्दर्भअनुसार जिल्ला नशामुक्त समितिले महिनामा एकपल्ट बैठक गर्नुपर्नेछ। जिल्ला नशामुक्त अभियानको निरूपण तथा कार्यान्वयन सुनिश्चित गर्नुपर्नेछ। जिल्लामा विद्यार्थी, शिक्षक-शिक्षिका अनि अभिभावकवर्गका निम्ति सबै पाठशाला अनि महाविद्यालयहरूमा जागरूकता फैलाउने कार्यक्रम सञ्चालन गरिनेछ। जागरूकता फैलाउन तथा चर्चा गर्न महाविद्यालयहरूमा विद्यार्थी क्लब गठन गर्नुपर्नेछ। नशा सेवन तथा प्रयोगकर्ताहरूको पहिचान गरी उनीहरूलाई परामर्श र उपचारका निम्ति पुनर्वास केन्द्र अथवा अस्पतालमा पठाउनुपर्नेछ। जिल्लामा परामर्श अनि उपचार सुविधाको अनुगमन गरिनुपर्नेछ। कुनै पनि शैक्षिक संस्थानको एक सय मिटर दूरीमा सिग्रेटको खरिद-बिक्रीमाथि बन्दलाई कड़ा रूपमा लागू गरिनुपर्नेछ। जनचेतना अभियानमा जनसहभागिता र सहयोग सुनिश्चित गर्न समितिले काम गर्नुपर्नेछ।

## लाभार्थीहरूलाई सजीएवाईअन्तर्गत.......



निर्माण गर्ने निर्णय लिएको बताउनुभयो। उहाँले भन्नुभयो, दिपावली पर्वपछि घरको निर्माण कार्य शुरूवात गरिने छ। मन्त्रीले भन्नुभयो, घर निर्माण कार्यमा कुनै सम्झौता गरिने छैन, जसमा लाभार्थी लगायत सबैले ध्यान दिनुपर्नेछ।

सरकारबाट प्राप्त सहुलियतलाई सहीरूपमा प्रयोग गरी यसको उपभोग गरिदिने लाभार्थीहरूसित मन्त्रीले आग्रह गर्नुभयो। नमूनाको गाउँको रूपमा रूपान्तरण गरिएको मियोङ-चिनथाङमा अहिले विभिन्न योजनाहरू कार्यान्वित गरिएको, जसलाई आधुनिक तक्निकीसितै अघि बढाउने सोच रहेको मन्त्रीले जानकारी गदिनुभयो। मन्त्री श्री लोकनाथ शर्माले वर्तमान महामारीको समयमा पनि सरकारले गरेको विकासमूलक कार्यक्रमको बारेमा जानकारी दिनुभयो।

सिक्किम सरकारको सूचना तथा जन-सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 2500 Cps 13.11. 2020